नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग

वेभ: www.dor.gov.np
ईमेल: dgdor@dor.gov.np
फोन नं.:-५५२९०७५
फयाक्स नं. ५५२९१०६
चाकुपाट, ललितपुर
नेपाल ।

पत्र संख्या :- म.नि. ०७६/७७
चलानी नम्बर:- ५२

मितिः- २०७६/०९/०४

बिषयः- **बैठकको निर्णय कार्यान्वयनको लागि पठाईएको बारे ।**

श्री सडक विभाग, योजना तथा अनुगमन महाशाखा, चाकुपाट ललितपुर
श्री सडक विभाग, संभार महाशाखा, चाकुपाट ललितपुर
श्री सडक विभाग, बिकास सहायता कार्यान्वयन महाशाखा, ज्वागल, ललितपुर
श्री सडक विभाग, पुल महाशाखा, चाकुपाट ललितपुर
श्री सडक विभाग, यान्त्रिक महाशाखा, चाकुपाट ललितपुर
श्री सडक विभाग, गुणस्तर, अनुसन्धान तथा विकास केन्द्र, चाकुपाट ललितपुर
श्री सडक विभाग, संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, इटहरी/काठमाडौ/पोखरा/सुर्खेत
श्री सडक विभाग, सडक सुधार तथा विकास आयोजना निर्देशनालय, बत्तिसपुतली काठमाडौ
श्री सडक विभाग, उत्तर-दक्षिण व्यापारीक मार्ग विस्तार आयोजना निर्देशनालय, ललितपुर
श्री सडक विभाग, पुष्पलाल राजमार्ग आयोजना निर्देशनालय, बुद्धनगर काठमाडौ
श्री सडक विभाग, मदनभण्डारी राजमार्ग आयोजना निर्देशनालय, ललितपुर
श्री सडक विभाग, आयोजना निर्देशनालय (ए.डी.वी.), विशालनगर काठमाडौ
श्री सडक विभाग, निर्देशनालय/आयोजना/योजनाहरु सवै
श्री सडक विभाग, सडक डिभिजन कार्यालय, सवै
श्री सडक विभाग, हे.ई.डी.,यान्त्रिक तालिम केन्द्र, यान्त्रिक कार्यालय, सवै

मिति २०७६।०९।०३ मा श्रीमान महानिर्देशकज्यूको अध्यक्षतामा बसेको बैठकको निर्णयको प्रतिलिपी आवश्यक कार्यान्वयनको लागि यसै साथ संलग्न गरि पठाईएको व्यहोरा अनुरोध छ ।

२०७६।०९।०४

(सोमराज बराल )
मुख्य प्रशासकिय अधिकृत

२०७६।०९।०३

# बिभागीय प्रमुखज्यूको कार्यकक्षमा भएको बैठकका निर्णयहरु

१. सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायत विभिन्न तालुक निकाय बाट माग भएका विवरणहरु पेश गर्न ढिलाई हुने गरेको सन्दर्भमा आईन्दा यसो हुन नदिन सम्वन्धित सवै कार्यालय प्रमुखहरुलाई जानकारी गराउने ।

२. म्याद थपका फाईलहरु बिभागमा पेश गर्नु पूर्व सम्वन्धित संघीय सडक सुपरिवेक्षण तथा अनूगमन कार्यालय तथा आयोजना निर्देशनालयवाट राम्रो संग अध्ययन गरी फोटा, प्रमाण राखी स्पष्ट साथ पेश गर्ने ।

३. म्याद थपको फाईलमा सार्वजनिक खरिद नियमावली, २०६४ को आठौ संशोधनले माग गरेको प्राविधिक विवरणलाई पनि सम्वोधन गरी फाईल पेश गर्ने । हाल प्रयोग हुदै आएको म्याद थप सम्वन्धि विवरण फारामको बुंदा नं. १० लाई पुष्टि हुने विवरण पेश गर्ने ।

४. CMS Update गर्ने सम्वन्धमा विभागीय परिपत्र अनुसार तत्काल Update गर्ने र यसमा अभ्यस्त हुने र सदैव Update भएको अवस्थाको लागि व्यवस्था मिलाउने ।

५. सार्वजनिक खरिद नियमावली, २०६४ को आठौ संशोधनले परामर्शदाताका रुपमा कार्यरत जनशक्तिलाई हटाउने वा विस्थापन गर्ने बारे गरेको व्यवस्था लाई अत्यन्तै सकारात्मक रुपले ग्रहण साथै प्रयोग गर्ने र परामर्शदातालाई मातहतका जनशक्ति हटाउदा वा बिस्थापन गर्दा सम्वन्धित Employer को No-Objection लिनु पर्ने गरी आवश्यक व्यवस्था गर्ने ।

६. परामर्शदाताको तर्फ वाट खटिने Team Leader तथा Resident Engineer लाई हटाउन वा विस्थापन गर्नु पर्ने अवस्था श्रृजना भएमा विस्थापन गर्ने व्यक्तिको Educational Qualification निम्नानुसार हुने गरी गर्ने ।

Minimum:- Graduate in Civil Engineering

Preferable:- लोक सेवा आयोगले Highway उप-समूहमा प्रतिष्पर्धा गर्दा मान्यता दिएको Master Level Study को सवै विधालाई मान्यता दिने ।

७. निकट भविष्य (सम्भवत मिति २०७६।०९।०७) मा मा.मन्त्रिज्यूको समूपस्थितिमा हुने प्रगति समिक्षाको लागि निर्दिष्ट ढांचामा प्रस्तुति तयारीका लागि पत्राचार गर्ने ।

ई. केशव कुमार शर्मा
महानिर्देशक